bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

♦ लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन।
♦ परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ ।
♦ परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ४१ अंक २१० | २०७९ पुस ०१ गते शुक्रबार, नेपाल सम्वत् ११४३ December 16, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## काँकाकुल बनेका चुँदेर बासीको घरदैलोमा पुग्यो खानेपानीको धारा

**सुनिता आचार्य**/तनहुँ

७० वर्षीया सोममाया गुरूङ घरको दैलोमै खानेपानीको धारा झरेको देख्दा दंग छिन् । १५ वर्षको उमेरमा बिहे गरेर आएपछि निकै कष्टका साथ डोकोमा पानी बोकेर उपभोग गर्दै आएकी सोममायाले यसरी घरकै आँगनमा पानी आउँछ भन्ने सपनामा पनि सोचेकी थिइनन्।

तनहुँको सदरमुकाम दमौलीबाट करिब १२ किलोमिटरको दुरीमा रहेको चुदेर गाउँका बासिन्दा सहज रूपमा खानेपानी उपभोग गर्न नपाउँदा काँकाकुल जस्तै थिए । व्यास नगरपालिका–५ चुदेर गाउँका बासिन्दाको दैनिकी डोको बोकेर पानीको खोजीमा भौतारिनुपर्ने बाध्यता थियो । सोममायाले पनि बिहे गरेर आएपछि करिब ५३ वर्ष यसरी नै बिताएकी थिइन् ।

नगरपालिकाकै बासिन्दा भएपनि लामो समयसम्म गाउँमा पानीको समस्या समाधान नभएपछि धेरै परिवारले गाउँ छोडन बाध्य भएको सोममायाले सुनाइन् । उनले भनिन्, 'बिहान ३ बजेदेखि ढोको बोकेर पानीको खोजीमा भौतारिनु पर्थ्यो । यहाँका धेरै मान्छेले राम्रोसंग पानी खान नपाउँदा गाउँ नै छाडेर गए ।'

पानीको चरम अभाव भएपछि बिस्तारै गाउँलेहरूले विकल्प खोज्न थाले र गाउँ सुनसान हुने अवस्थामा पुग्यो । गाउँलेले विभिन्न संघ संस्था तथा निकायको ढोका ढक्कढकाउँदा अहिले घर आँगनमै खानेपानीको धारा आएपछि स्थानीय दंग छन् ।

अमेरिका स्थित रोटरी क्लब अफ सनसेट हुनुलुलु हवाई, व्यास नगरपालिका लगायतको सहयोगमा रोटरी क्लब अफ दमौलीले निर्माण गरिदिएको चुदेर खानेपानी आयोजना सम्पन्न भएसंगै अहिले स्थानीयको दैनिकीमा परिवर्तन आएको छ ।



२०७७ पुस २२ गतेबाट निर्माण थालिएको सो खानेपानी आयोजनाले करिब डेढ वर्षदेखि चुदेरको ७० घरधुरीलाई पानी उपलब्ध भएको छ । दुई घण्टा लगाएर पानीको जोहो गर्न हिड्ने चुदेरबासीको अहिले घर आगनमै पानीको धरा खसेको छ । खानेपानी मात्र होइन अहिले उनीहरूले दैनिक उपभोगको लागि, गाईवस्तुलाई खुवाउनका साथै करेसा बारीमा प्रयोग गर्न समेत प्रशस्त पानी पाएका छन् ।

पानीकै कारण जीवनकालमा धेरै समस्या भोगेका यहाँका महिलाहरूले राहतको महशुस गरेका छन् । स्थानीय महिलाहरू भन्छन् 'हामीले यति सजिलै पानी खान पाउँछौ भन्ने कल्पना समेत गरेका थिएनौं ।'

पानीकै कारण पाएको दुःख सुनाउँदै स्थानीय ज्ञानुमयाा क्षेत्री भन्छिन्, 'हिउँदमा त पानीको मुहान नै सुकेर खोलाबाट पानी बोकेर पनि खायौँ । अब भने ती दुःखका दिनको अन्त्य हुन्छ कि भन्ने लागेको छ ।'

स्थानीय निर्मला पौडेलले पानीको अभावका कारण भोगेको तितो अनुभव सुनाउँदै भन्छिन्, 'गाइवस्तुलाई पनि दिन मन नलाग्ने धमिलो पानी हामीले खाएर बसेका थियौँ । गाग्रीमा ल्याएको पानी कुन बेला थेग्रिएर संग्लो हुन्छ अनि धितमर्ने गरी खाउँला जस्तो हुन्थ्यो ।'

त्यो बेला र अहिलेको तुलना गर्दै उनीले भनिन् मैले घरमा भैंसी, बाख्रा पालेको छु, बारीभरी साँगपात लगाएको छु । पानी आएसँगै जीवन फेरिएको महसुस गरेको छु ।

स्थानीय १८ वर्षीय सुमन पौडेलले खानेपानीको अभावका कारण पढाइमा परेको असर सुनाउँदै भने, 'अहिले पानीको जोहो गर्न जानुपर्ने समयमा पढन पाएको छु । बर्खाको बेला असुरिक्षत धमिलो पानी पिउन बाध्य थियौं, अहिले डब्बल फिल्टर पानी पिउन पाएका छन्।'

रोटरी अभियानबाट प्रत्येक घरमा खानेपानीको धारा जडन गरिएको छ । अहिले गाउँलेले कसरी आर्थिक उन्नतीका काम गर्न सकिन्छ भन्ने सोच्न थालेका छन् । सबै याम सुनसान र

बाँकी तेश्रो पेजमा

## व्यासमा अनलाइनबाट राजस्व भुक्तानी सेवा

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले प्रविधिको अधिक्तम् प्रयोग गरी सेवा प्रवाह गर्ने गरी विद्युतीय कर भुक्तानी प्रणाली सेवाको शुभारम्भ गरेको छ । नवप्रवर्तनीय साझेदारी कार्यक्रम 'एकीकृत डिजिटल व्यास नगरपालिका' परियोजना मार्फत विहीबारबाट सञ्चालनमा ल्याइएको विद्युतीय भुक्तानी प्रणालीको नगरप्रमुख बैकुण्ठ न्यौपाने र प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले अनलाइनबाट सम्पति कर भुक्तानी गरी सेवा शुभारम्भ गरेका छन् ।



'एकीकृत डिजिटल व्यास नगरपालिका' परियोजनाको शुभारम्भ गर्दै नगरप्रमुख बैकुण्ठ न्यौपाने । *तस्विर : भञ्ज्याङ*

सेवा शुभारम्भ गर्दै नगरप्रमुख न्यौपानेले अब नगरवासीले घरमै बसेर अनलाइन मार्फत राजश्व भुक्तानी गर्न सक्ने बताए । 'नगरको सुविधाका लागि सम्पत्ति तथा भूमि, व्यवसाय र घरबाहल लगायतका सम्पूर्ण कर भुक्तानी अब नगरबासिले घरमै बसेर आफैले तिर्न सक्नुहुन्छ', उनले भने, 'प्रविधिको सहि रूपमा प्रयोग गरी यसको भरपुर उपयोग गर्न नगरबासीलाई अनुरोध गरे ।'

बदलिदो समय अनुसार डिजिटल गभर्नेंस र विद्युतीय सुशासनको माध्यमबाट सेवा प्रवाह गर्न इनोभेटिभ कार्यक्रमहरू थालिएको प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले बताए। विद्युतीय प्रणालीबाट सेवा प्रदान गर्दा कर्मचारीहरूमा कामको चाप कम हुने र समयको समेत बचत हुने हुँदा उनीहरूलाई अरू काममा संलग्न गराउन सकिने उनले बताए।

विद्युतीय भुक्तानीबारे करदातालाई शिक्षा दिन डिजिटल साक्षरता कार्यक्रम समेत सञ्चालन गरिने बताउँदै उनले भने, 'आजदेखि अनलाइन प्रणाली सुरू भएपछि सबै करदाताले विद्युतीय प्रणालीमार्फत विना झन्झट राजस्व भुक्तानी गर्न सक्नुहुन्छ ।'

नगरपालिकाले विद्युतीय भुक्तानीको माध्यम इ–सेवा, कनेक्ट आइपिएस, आइएमइ पे, प्रभु पे, खल्ती लगायतका एपको प्रयोग गर्न मिल्ने बनाएको छ ।

करदाताले कर तिर्न इ–पोर्टलमा विवरण भरेर दर्ता गराएपछि डिजिटल भुक्तानी प्रणाली प्रयोग गरी मोबाइलबाटै कर भुक्तानी गर्न सक्ने सुचना अधिकारी कुमार कञ्चन जिसीले बताए । यो प्रणालीबाट राजस्व अनलाइनबाटै भुक्तानी गर्न र आफूले तिरेको शुल्कको रसिद अनलाइनबाटै प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

## कांग्रेस वरिष्ठ नेता पौडेललाई जापानको राजकीय सम्मान

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेललाई जापान सरकारले राजकीय सम्मानले विभूषित गरेको छ । सन् २०२० अप्रिल २९ मा घोषणा भएको उक्त सम्मान उनलाई विहीबार जापानी राजदूतको निवासमा विशेष कार्यक्रम गरी प्रदान गरिएको हो । जापानी सम्राट मेइजीले सुरू गरेका राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन' विहीबार वरिष्ठ नेता पौडेलले ग्रहण गरे । विश्वका विशिष्ट व्यक्तिहरूलाई प्रदान गरिने यो सबैभन्दा उच्च सम्मान वरिष्ठ नेता पौडेल र माइक्रोसफ्टका संस्थापक विल गेट्सलाई प्रदान गरिने घोषणा गरिएको थियो ।

वरिष्ठ नेता पौडेललाई विशेषतः पूर्वसभामुखको हैसियतमा दुई देशबीचका संसदीय सम्पर्कलाई सक्रिय बनाउन र त्यसपछि नेपाल–जापान सम्बन्ध सुदृढमा गर्नुभएको योगदानका लागि विभूषित गरिएको हो । वरिष्ठ नेता पौडेलले आफू सभामुख रहँदा सन् १९९९ मा नेपाल–



जापानमैत्री संसदीय लिग स्थापना गर्नुका साथै त्यसको पहिलो अध्यक्षसमेत रहेका थियो । उनि सन् २०१७ सम्म लिगको नेतृत्वमा रहनुका साथै द्विपक्षीय सम्बन्धको प्रवर्द्धनमा पनि सक्रियरूपमा संलग्न थिए ।

विभूषितपछि वरिष्ठ नेता पौडेलले उच्च सम्मानका लागि जापानी सम्राट, सरकार र जनताप्रति कृतज्ञता व्यक्त गर्दै यसले आगामी दिनमा द्विपक्षीय सम्बन्ध थप प्रगाढ बनाउन योगदान पुग्ने विश्वास व्यक्त गरे । उनले जापानले नेपालको विकास निर्माण, कृषि, विपद् व्यवस्थापन, प्रविधि, लोकतन्त्र संस्थागतलगायत क्षेत्रमा गर्दै आएको सहयोगको उच्च प्रशंसा गर्दै आगामी दिनमा थप निरन्तरताको अपेक्षा गरे ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले वरिष्ठ नेता पौडेललाई उच्च सम्मान गरेकामा जापान सरकारलाई धन्यवाद दिँदै यसले आगामी दिनमा द्विपक्षीय सम्बन्ध अझ बलियो बनाउन योगदान पुग्ने बताए । वरिष्ठ नेता पौडेलले आफ्नो लामो राजनीतिक जीवनकालमा सांसद, मन्त्री, सभामुखलगायत हैसियतमा देशलाई गरे । योगदान स्मरण गर्दै मन्त्री कार्कीले उनले सभामुखका रूपमा सन् १९९९ मा जापान–नेपालमैत्री संसदीय लिगको स्थापना गरी निर्वाह गर्नुभएको

बाँकी तेश्रो पेजमा

## श्रीमतीले ढुंगाले हिर्काउँदा श्रीमानको मृत्यु

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा श्रीमतीको कुटाइबाट एक युवकको मृत्यु भएको छ । घरायसी विवादमा श्रीमती ३६ वर्षकी सुशीला विकले टाउकोमा ढुंगाले हिर्काउँदा ४० वर्षका मनबहादुर नेपालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायव उपरीक्षक युवराज खड्काले जानकारी दिए ।

पोखरा महानगरपालिका–३० सिसुवा स्थायी घर भई हाल तनहुँको शुक्लागण्डकी नगरपालिका–४ प्रगति टोलमा बस्दै आएक उनीहरूबीच बुधबार राति विवाद भएको थियो । सुशीलाले मादक सेवन गरेको पाइएको प्रहरी नायव उपरीक्षक खड्काले बताए ।

श्रीमतीको कुटाइबाट गम्भीर घाइते भएका नेपालीको उपचारका क्रममा बेलचौतारास्थित जीपी कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्रमा मृत्यु भएको हो । सुशीलालाई प्रहरीले पक्राउ गरेर अनुसन्धान सुरू गरेको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

## सम्पादकीय .........

www.bhanjyangnews.com

# पर्यटकीय सम्पदा

मौलिक परम्परा हाम्रो अमूल्य निधी हुन । मौलिक परम्परा र सम्पदा संरक्षण गर्नु हामी सबैको दायित्व हो । यही दायित्वलाई पुरा गर्न अहिले बन्दिपुरका बासिन्दा र गाउँपालिका लागि परेका छन् । तनहुँको पर्यटकीय नगरी तथा पहाडकी रानी उपनामले परिचित बन्दिपुर क्षेत्रमा रहेका मौलिक परम्परागत घर तथा सम्पादा संरक्षणलाई अहिले अभियानकै रूपमा कार्यक्रम अगाडि बढाइउको छ । नमूना सहरको रूपमा ख्याती कमाएको यो क्षेत्रको परम्परा जोगाइ राख्न बन्दिपुर गाउँपालिकाले मौलिक घर संरक्षणलाई प्राथामिकता दिँदै आएको छ । आधुनिक घरले मौलिकता गुमाउने हुँदा त्यस्ता घर निर्माणमा प्रतिबन्ध लगाइ परम्परागत घरको जगेर्न गर्न गाउँपालिकाले आवश्यक कार्यक्रम अगाडि बढाएको छ । परम्परागत घरमा काठका बुट्टा भएका झ्याल, ढोका, तथा बरण्डा, इँटा बाहिर देखिने प्यागोडा शैलीका घर बन्दिपुरको मुख्य आकर्षण हुन् । अठारौं शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवार समुदायले भक्तपुरे शैलीका घर र ढुङ्गा विच्छ्याएको बाटो निर्माण गरेका थिए । यहाँ घर बनाउनेलाई सटर तथा च्यानलगेट राख्न र आल्मुनियमका झ्यालढोका राख्न प्रतिबन्ध लगाइएको छ । सालको काठ महँगो पर्ने भएकोले सामुदायिक वनसंग सहकार्य गरी शुलभदरमा काठ खरिद गर्ने व्यवस्था गाउँपालिकाले मिलाएको छ ।

परम्परागत तरिकाले घर बनाउन चाहनेलाई सामुदायिक वनबाट काठ खरिदका लागि गाउँपालिकाले पत्रचार गरी पाँच गुणा सस्तोमा काठ खरिदको व्यवस्था मिलाइएको छ । च्यानलगेट राख्ने, सटर राख्नेजस्ता नियम विपरीत घर बनाउनेलाई गाउँपालिकाले नक्शापास रोक्ने समेत नीति बनाएको छ । पर्यटकीयस्थलमा परम्परागत र मौलिक घरले व्यवसाय वृद्धि गर्न सहयोग पुग्द छ । यी मान्यतानुसार सहुलियत दरमा काठ खरिदको लागि व्यवस्था मिलाइएको गाउँपालिकाले बताउँदै आएको छ । बन्दिपुरमा पर्यटकको आगमन बढेसँगै नयाँ घर बन्ने क्रम पनि बढ्दै गएको छ । बन्दिपुरबाट धौलागिरिदेखि अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बुद्ध, हिमालदेखि पूर्वका गणेश हिमाल, लाङ्टाङ हिमशृंखलाका आकर्षक चुचुरो सजिलै देखिन्छ । प्रमुख आर्कषण मौलिक घरका अतिरिक्त विभिन्न जातजातिको कला, सस्कृति, ढुङ्गा विच्छ्याइएका बाटा, विभिन्न मठमन्दिर, फराकिलो टुँडिखेल, शहीदपार्क, बाख्रा अनुसन्धान केन्द्र, रेशम खेती, प्याराग्लाइडिङ आदि हुन् । बन्दिपुरबाट आधाघण्टा ओरालोमा एशियाकै ठूलो मानिने सिद्ध गुफा अवलोकन, मर्स्याङ्दी नदीमा जलविहार, छाङ्दीमा क्यानोनिङ, चुनपहरामा चट्टान आरोहण र मनोरम दृश्यले पर्यटक आकर्षित हुने गर्छन् । यहाँ करोडौंको लगानीमा ठूल्ठूला रिर्सोट बन्ने क्रम बढिरहेको छ । काठमाडौंबाटै आँखीझ्याल, बट्टे ढोका झिकाएर भक्तपुर शैलिको मौलिक्ता झल्कने घरहरू निर्माण भइरहेका छन् । करोडौ रूपैयाँका लागतमा पर्यटन लक्षित होटल व्यवसाय सञ्चालन हुँदै गएका छन् ।

बन्दिपुरको पहिचानको संरक्षणमा टेवा पुर्‍याउनु बन्दिपुरबासीको कर्तव्य पनि हो । किन कि बन्दिपुर आउने पर्यटकबाट प्रत्यक्ष लाभ लिने पनि बन्दिपुरेनै हुन् । बन्दिपुरका पर्यटन तथा होटल व्यवसायीहरूले आफ्नो सेवा सुविधालाई पनि पर्यटनमैत्री बनाउँदै लग्नुपर्दछ । पर्यटकलाई आकर्षित गर्ने बन्दिपुर क्षेत्रका धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा ऐतिहाँसिक स्थलहरूको संरक्षण तथा प्रवर्द्धनमा पनि व्यवसायीहरू ध्यान पुर्‍याउनुपर्दछ । निर्माणाधिन पर्यटन लक्षित पूर्वाधारहरूलाई समयमै गुणस्तरीय रूपमा निर्माण गर्न स्वयं बन्दिपुरका बासिन्दा जागरूक बन्नुपर्दछ। बन्दिपुर आएका आन्तरिक तथा वाह्य पर्यटकको बसाई लम्ब्याउने खालका पर्यटनमैत्री क्रियाकलापका साथै पूर्वाधार निर्माणमा पनि गाउँपालिका, पर्यटन व्यवसायी तथा स्थानीयबासिन्दाले ध्यान पुर्‍याउनु पर्दछ । बन्दिपुरसंगै जोडिएको अन्य ग्रामीण बस्तिहरूमा समेत पर्यटकलाई पुर्‍याउन सकेमा पर्यटकको बसाई लम्बिनुका साथै आर्थिक गतिविधि समेत चलायमान हुन्छ । यस्ता क्रियाकलापले पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै आर्थिक कारोवारमा समेत वृद्धि हुनेछ । त्यसैले पर्यटनबाटै समृद्धिको बाटोमा अगाडि बढ्न हाम्रा परम्परागत कला, संस्कृति, सम्पादाको संरक्षणमा हामी सबै सचेत बनौं ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २१२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

# बढ्यो संघीयता विरोधी जनमत, नेता नसुध्रिए झनै अप्ठयारो



नानीमैया दाहाल, पुहातु चौधरी, चन्द्र बहादुर बुढा जस्ता व्यक्तिलाई राष्ट्रिय पञ्चायतमा चुनेर पठाउँदा आम जनताले निरंकुशताको विरूद्धमा व्यवस्था परिवर्तनको संकेत गरेका थिए। कालान्तरमा व्यवस्था परिवर्तन भयो ।

**सुरेन्द्र केसी**

वि.सं. २०७२ सालको संघीय लोकतान्त्रीक गणतन्त्रात्मक संविधान जारी पश्चात दोस्रो संघीय र प्रदेश सभाको निर्वाचन हालै सम्पन्न भयो। संयोगले दुवै पटकको निर्वाचन शेरबहादुर सरकारले सम्पन्न गर्‍यो। संविधान कार्यन्वयन भयो तर संविधानको मर्म माथि बारम्बर प्रहार भयो। आम सर्वसाधारण निरास मात्र भएनन्। निर्वाचन मार्फत ठूलो आक्रोश पोखे। त्यो आक्रोशले बालेन प्रवृत्तिको मात्र जन्म होइन चारित्रिक रूपमा वा कानुन मिच्ने व्यक्तिहरूको समेत जन्म भयो। जहाँ राजकाज सम्बन्धित 'र' को समेत जानकारी नभएको व्यक्तिहरूको उदय हुन पुग्यो। हुन त संविधानले सबैलाई समान अधिकार प्रदान गरेको छ। नयाँ व्यक्तिहरूको उदय हुनु सकारात्मक पक्ष हो भने ती व्यक्तिको प्रवृत्ति हेर्न बाँकी छ। कतै व्यक्ति र पार्टीहरूलाई परीक्षण गर्दा गर्दै युवा सबै पलायन हुने वा देश दुर्घटनामा पर्ने त होइन?

विगत पाँच वर्ष करिब तीन वर्ष वाम गठबन्धन शक्ति बीच पार्टी एकीकरण हुँदा आम सर्वसाधारणले तत्कालीन सरकारबाट ठुलो अपेक्षा राखेका थिए। दुर्भाग्यवस त्यो स्वर्णिम समय पार्टी झगडा र सत्ताको लुछाचुँडीमा नै बित्यो। अन्ततोगत्वा ने.क.पा तीन टुक्रामा विभाजित हुन पुग्यो। जसको कारण गठबन्धन संस्कृतिमा नै जनताले विश्वास गर्न छाडे। एउटै विचार भएका त मिलेर पाँच वर्ष काम गर्न सकेनन् भने दुई भिन्न विचार वा सिद्धान्त भएका राजनैतिक पार्टीलाई जनताले विश्वास गर्न सकेनन्। गत स्थानीय निर्वाचनको परिणाम हेरेर हौसिएका लोकतान्त्रीक वाम गठबन्धन अन्त त सम्पूर्ण परिणाम हाम्रो पक्षमा आउँछ भन्ने कल्पनाका साथ करिव दुई महिना सम्म भागबन्डा मिलाउन नसक्दा मतदाता प्रथम त निकै निराश भएका थिए। मतदाता स्थाई हुँदैन भन्ने कुरा वि.सं. २०१५ को निर्वाचन र वि.सं. २०४६ को जनआन्दोलन पश्चात भएका निर्वाचनको परिणामले प्रष्ट पारी सकेको छ ।

वर्तमान चुनावी परिणाम भने परिवर्तनका बाहक, आन्दोलनकारी वा जनयुद्ध गर्ने समेतका लागि शुभ संकेत होइन। यो परिणाम किन र कसका कारणले आयो भन्ने कुरा गम्भिर रूपमा विश्लेषण गर्नु पर्ने वेला आइसकेको छ। यदि समयमै चिन्तन मनन र समाधानको बाटो नपहिल्याउने हो भने भविष्यमा पछुताउनु बाहेक अरू केही हुने छैन ती प्रमुख दलहरूलाई। हालको चुनावी परिणामलाई व्यवस्था होइन अवस्था परिवर्तन गर्नका लागि जनताले जनादेश प्रदान गरेका छन्। यदि अब बन्ने सरकारले पूर्णता पाउन अघिल्लो सरकारले जस्तै सय दिन भन्दा बढी लगाउने, संविधानको मर्म अनुसार काम नगर्ने वा पद प्राप्ति मात्र पार्टीको प्रमुख उद्देश्य हुने, त्यसैगरी आफ्नो राजनैतिक अभिष्ठ पुरा गर्न अध्यादेश मार्फत जघन्य अपराधीलाई माफ दिने गरे भने आम सर्वसाधारण अवस्था परिवर्तनका खातिर सडकमा ओर्लँदै वर्तमान संविधानको विपक्षमा मतदान गरे भने के हुन्छ? वर्तमानमा नै आफू मालिक भएको हेर्न नचाहने वा सदैव दासत्वमा राजनैतिक जीवन बिताउने दक्षिणपन्थी सोच भएका पार्टीका केही व्यक्ति नचुनिएका होइनन्,त्यस्ता व्यक्तिको चयनले संविधान मास्न खोज्ने तत्वहरु आगामी दिनमा झन हौसिएर संविधान माथि आक्रमण गर्न नखोज्ने होइनन्, तसर्थ त्यस्ता तत्त्वहरूलाई परास्त गर्न संविधानका रक्षकहरूलाई आफू सच्चिनु बाहेक अर्को विकल्प होला र? अहिलेको संघ र प्रदेशको निर्वाचन परिणाम दलहरूका लागि त्यति उत्साहजनक होइन यो परिणामलाई सामान्य रूपमा लिनु पनि हुन्न। गत स्थानीय निर्वाचनमा केही स्थानमा दलभन्दा भिन्न व्यक्तिलाई निर्वाचित गरेर ती प्रमुख दलहरूलाई सच्चिनका लागि खबरदारी गरेका थिए तर दलहरूबाट त्यसो हुन सकेन। अब आम जनताले पुनः सच्चिनका लागि यस निर्वाचनको नतिजाले अर्को खबरदारी गरेका छन्।

यस्ता केही निर्वाचनका परिणाम ३० वर्ष निर्दलीय व्यवस्थामा पनि हुन्थ्यो जहाँ नानीमैया दाहाल, पुहातु चौधरी, चन्द्र बहादुर बुढा जस्ता व्यक्तिलाई राष्ट्रिय पञ्चायतमा चुनेर पठाउँदा आम जनताले निरंकुशताको विरूद्धमा व्यवस्था परिवर्तनको संकेत गरेका थिए। कालान्तरमा व्यवस्था परिवर्तन भयो। अहिले संघीयताको विरूद्धमा ठूलो जनमत तयार हुँदैछ। ठूला दलका जिम्मेवार नेताहरु समेत यसको विरोध गर्दैछन् । जहाँ केन्द्र र स्थानीय निकाय भए पुग्छ भन्ने ठुलो तर्क उठेको त छँदैछ। यदि प्रदेशको काम छैन भने यी ठूला राजनैतिक दलहरु नै यसको कि त खारेजीमा लाग्नु पर्‍यो वा केन्द्रको अधिकार सबै प्रदेशमा पठाउनु सक्नु पर्छ जसले गर्दा ठूलो धनराशी फजुल खर्च हुनबाट जोगिन्छ।

चुनावमा को जित्यो को हार्‍यो ठूलो कुरा भएन प्रमुख कुरा संघीय लोकतान्त्रीक गणतन्त्रको संस्थागत विकासको लागि योगदान पुग्यो कि पुगेन प्रमुख कुरा हो। यसलाई संस्थागत गर्न के गर्नु पर्छ त्यो महत्वपूर्ण पक्ष हो। २०४६ र २०६२/०६३ को परिवर्तन पश्चात वा परिवर्तन पछि जन्मेका तमाम युवा युवतीले आफू जन्मदा र हालमा शून्य परिवर्तन भएको मान्दछन्। उनीहरूले विभिन्न दलका एउटै नेता २०४६ र २०६२/०६३ पछि निरन्तर चुनावमा उठेका, तीनै मन्त्री भएका, तिनीहरूकै नातागोता पदमा पुगेका, आमसञ्चार का माध्यमबाट भ्रष्ट्राचार, विसंगति बढी सुनेका, रोजगारी खोज्न मलेसियाको जङ्गल र अरबको मरूभूमि दैनिक हजारौं युवा पलायन भएका बाहेक अरू केही देखेका छैनन् । धन्न ती युवाहरूले नयाँ अनुहार, शिक्षित, इमानदार र सोचमा युवा व्यक्तिहरु तपाईहरूकै पार्टीभित्र खोज्दै छन् । ती युवाको आवाज नसुन्ने हो भने उनीहरूले गर्ने निर्णय जे पनि हुन सक्दैन र ?

अब बन्ने सरकार कसैको स्पष्ट बहुमत छैन। सम्भवत यो चुनावी पद्धतिले बहुमत आउन निकै कठिन पर्छ। आम जनताले स्थायी सरकार खोजेको छन्। यदि त्यो जतिसुकै पार्टी मिलेर बनोस्। यो प्रतिनिधिसभाको कार्यकाल सामान्य छैन। यसले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख चयन गर्दछ जसको पाँच वर्ष कार्यकाल हुनेछ। त्यसैगरी सात प्रदेशमा पनि। अव फेरी अंशबन्डामा राजनैतिक दलले झगडा गर्ने हो भने जनताले माफ गर्ने छैनन्। राजनैतिक दलको २०६२/०६३ को आन्दोलन पश्चातको मतलाई हेर्ने हो भने निरन्तर घट्दो छ। यसको प्रमुख कारण पुरानै नेता पुरानै सोच वा वैज्ञानिकता पटकै नहुनु हो। विगतको प्रतिनिधि सभा दुई पटक विघटन भयो विघटन पछि राजनैतिक दलहरु आफ्ना अनुकुल संविधानको व्याख्या गर्न लागे, जुन संविधान आफैले बनाएका थिए। आम जनताले कुन दलले गल्ती गर्‍यो भन्दा पनि सबै नेता र राजनैतिक दललाई एउटै शिराबाट हेरे र सबैलाई समान दोष दिए। अब बन्ने सरकार जस्तो होस् तर छिटो होस् राम्रा मानिस हुन गन्हाएका नहुनु पुनः झगडामा लागे आम सर्वसाधारणमा दल प्रतिको मोह झन कम हुन थाल्छ। एउटा सिट भएको पार्टीलाई मन्त्री दिनुभन्दा ठूला दुई दल कांग्रेस र एमाले मिलेर सरकार बनाए केही हद सम्म राजनैतिक स्थायित्व हुन्थ्यो की ?




यो संविधानमा सबै पक्ष समेट्नका लागि समानुपातिकको व्यवस्था गरेको छ। तर ती पदहरु आफ्ना नाता गोता, पहुँच र पैसावालाले प्रतिनिधित्व गरेको पाइन्छ। यी गलत प्रकृतिका कारण दलहरूले पाउने मत घट्दो छ। अहिले हेर्दा एमाले करिब ३२ लाख कांग्रेस ३१ लाख छ। हालको चुनावमा आफ्ना विदेशमा बस्ने आफन्तले नयाँ उम्मेदवारलाई मतदान गराउन ठुलो भूमिका खेले । यदि दलहरु नसच्चिने हो भने करिब ४५ लाख नेपाली विदेशमा छन् । ती आएर दलहरूको विरूद्धमा मतदान गरेभने दलको अवस्था र संघीय लोकतान्त्रीक गणतन्त्र के हुन्छ ? अझ पनि नेताहरु नसच्चिने हो भने त्यो अवस्था आउन सक्दैन र ?

*श्रोत: आइएनएस-स्वतन्त्र समाचार*

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
व्यापारमा फाइदा हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन पनि सफल भइनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
चिताएको काममा विलम्ब हुन सक्छ। आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ । अध्ययनका विषयमा अलमल हुन सक्छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । अरूको भरपर्दा काममा पछि परिनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ । आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
दिगो काम थालनी हुनेछ । पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
आफ्नो उपलब्धिमा अरूले दाबी गर्ने सम्भावना रहेकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
बेलैमा होस नपुग्नाले फाइदा गुम्न सक्छ । काममा हस्तक्षेप गर्नेहरु सक्रिय हुनेछन् ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
मानसम्मानमा बाधा पुग्नेछ। अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सानो गल्तीले काम दोहोर्याउनुपर्ला। निर्णायक मोडमा दुविधा हुने हुँदा हतारमा निर्णय नलिनुहोला ।



**वैकल्पिक मार्गको निर्माण :** तनहुँको शुक्लागण्डकी नगरपालिकाको बजार सरसफाईबाट निस्केको सामग्री नगरपालिकाको वडा नं. ४ नयाँपुलदेखि गाछेपानी जाने सडकखण्डमा प्रयोग गरी वैकल्पिक मार्ग निर्माण गरिदै । नगरपालिकाले प्राविधिक लगत इस्टमेट बमोजिम वडा नं. ८, ९, १०, ११, १२ लगायतका स्थानबाट आउने सवारी साधनको वैकल्पिक मार्गको प्रयोग गर्ने र सवारी चापकम गर्न मद्दत पुग्ने नगरप्रमुख कृष्णराज पण्डितले बताए । *तस्विर : भञ्ज्याङ*

# विहारमा विषाक्त मदिरा सेवनबाट बाइस जनाको मृत्यु

**रासस/एपी/**पटना

विहार राज्यको सारण जिल्लाका तीन वटा गाउँमा विषाक्त मदिरा सेवनबाट २२ जनाको मृत्यु भएको छ भने अन्य २० जनालाई गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिएको छ । राज्यमा मदिरा उत्पादन, बिक्री र उपभोगमा प्रतिबन्ध लगाइएको भए पनि राज्य सरकारको अनुमति नलिइ स्थानीय तहमा उत्पादन एवम् बिक्री गरिएको मदिरा पिएपछि उनीहरुको मृत्यु भएको सरकारी अधिकारीले बताएका छन्।

महिला समूहले मदिरा उत्पादन तथा बिक्रीवितरणविरूद्ध अभियान चलाएपछि विहार राज्यमा सन् २०१६ मा मदिराको बिक्री र उपभोगमा प्रतिबन्ध लगाइएको थियो। प्रहरीका अनुसार अस्पताल भर्ना भएका २० मध्ये धेरैले आँखाको ज्योति गुमाएका छन् । गैरकानुनीरुपमा मदिरा बिक्री गरेको आरोपमा तीन जनालाई नियन्त्रणमा लिइएको छ । सारण जिल्ला राज्यको राजधानी पटनाबाट करिब ६० किलोमिटर उत्तरमा अवस्थित छ ।

अवैधरुपमा बनाइएको मदिरा सेवनबाट हुने मृत्युलाई भारतमा सामान्य मानिन्छ । अवैधरुपमा उत्पादन हुने मदिरालाई कडा बनाउन कीटनाशकलायत रसायन प्रयोग गरिन्छ । यसरी उत्पादित मादक पदार्थ कम मूल्यमा बिक्री हुने गरेको छ । कर छलेर अवैध तरिकाले उत्पादन गर्ने यो व्यवसाय लाभदायक उद्योग भएको छ ।

यो वर्षको प्रारम्भमा विषाक्त मदिरा पिउँदा पश्चिम भारतको गुजरात राज्यमा कम्तीमा २८ जनाको मृत्यु भएको थियोभने ६० जना बिरामी भएका थिए । गुजरातमा पनि मदिरा उत्पादन, बिक्री र उपभोगमा प्रतिबन्ध लगाइएको छ। सन् २०२० मा भारतको उत्तरी पञ्जाब राज्यमा पनि विषाक्त मदिरा पिएर एक सय २० जनाले ज्यान गुमाएका थिए ।



दिप इन्टरप्राइजेज्
आँवुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) ।
सम्पर्क : ०६५-५४०५७६/५४०४८२

# काँकाकुल बनेका चुँदेर ........

सुख्खा हुने उनीहरूको बारीमा अहिले हरियाली छाएको स्थानीय दलबहादुर थापाले बताए । पानी खुवाउन समस्या हुने भएकाले पशु पाल्न समेत छाडेका उनीहरूको गोठ अहिले हरिभराउ छन् । पानीकै अभावका कारण सरसफाइका ध्यान दिन नसकेका उनीहरूले अहिले शौचालय र घर वरपर सफा गर्न पाएको थापाले बताए ।

पानीको अभावका कारण आफ्नो थलो छाडेर विस्थापित भएकाहरू पनि बिस्तारै गाउँ फर्किन थालेका छन् । थापाले भने, 'हामीले सपना देखेका त थियौं तर यसरी पुरा होला भन्ने लागेको थिएन । रोटरी अभियान हाम्रा लागि वरदान सावित भएको छ ।'

करिब ८४५ मिटरको दुरीमा रहेको मुहानबाट लिफ्ट प्रविधिबाट पानी ल्याएर ३ वटा ट्याक्कीमा संकलन गरी वितरण गर्ने गरिएको छ । चुदेरका बासिन्दा अहिले पानीको समस्याबाट पूर्ण रूपमा मुक्त भएका छन् । एक घण्टामा १० हजार लिटर पानी संकलन गरी अहिले चुदेर गाउँ, क्षेत्री गाउँ लगायतको ठाउँमा वितरण गर्न थालिएको छ ।

पानीको सहज उपलब्धता भएसँगै स्थानीयहरूले आर्थिकउपार्जनको बाटोमा लाग्ने योजना बनाएका छन् । मगर कला संस्कृतिको संगम स्थल, सफा र स्वच्छ वातावरण, प्राकृतिक सुन्दरताको अधिकत्तम उपयोग गरी स्थानीयले गाउँमा हामेस्टे सञ्चालनको योजना बनाएको सचेतना आमा समूहकी अध्यक्ष कामना थापाले बताइन् ।

'गाउँमा बिजुली छदै छ, अब सडकको सहज पहुँच भए गाउँमा पाहुँनाहरू आउथे' उनले भनिन्, 'गाउँको उत्पादन बजारीकरणका लागि पनि सडक कालोपत्रेको खाँचो छ । नेपालटारसम्म बाटो राम्रो छ, यहाँ पुग्न जम्मा ३ किलोमिटर बाटो पिच भए हामीलाई धेरै सुविधा हुन्छ । स्थानीय सरकारले यति त गर्छ होला भन्ने हामीलाई लागेको छ ।'

चुदेर पुनः जागरणका मुख्य अभियन्ता प्रो. डा. दुर्गादत्त पौडेलले बालिकाहरूको शिक्षा र स्वास्थ्यलाई प्रथामिकता दिएर काम गर्ने इच्छा रहेको बताएका छन् । चुदेरमै जन्मिएर हाल अमेरिका बस्दै आएका पौडेलले सो क्षेत्रको खानेपानीको समस्या समाधान गरे जस्तै बालिकाहरूको शिक्षा र स्वास्थ्यमा देखिएको समस्या समाधान गर्ने योजना बनाउँदै गरेको सुनाए ।

अष्ट ज अमेरिकाका अध्यक्ष पौडेलले बालिकाहरूलाई पढाउन र उनीहरूमा प्रजनन् स्वास्थ्य, व्यक्तिगत स्वास्थ्यका विषयमा समस्याको अनुभूति गरेकाले त्यसको लागि काम गर्ने बताए । उनकै पहलमा उक्त खानेपानी आयोजना सम्पन्न गर्न अमेरिकामा सहयोग संकलन गरी कार्य अगाडि बढाइएको थियो ।

रोटरी अभियानमा जोडिएका रोटरी क्लब अफ सनसेट हुनुलुलु हवाईका निवर्तमान अध्यक्ष डा. अर्जुन अर्यालले चुदेरको सामाजिक, आर्थिक र सांस्कृतिक बिकासको लागि निरन्तर सहकार्य र समन्वय गर्न तयार रहेको बताए । रोटरीले जागरण अभियान सुरूवात गरेकाले चुदेरलाई समृद्ध र आत्मनिर्भर गाउँको रूपमा बिकास गर्न निरन्तर सहयोग गर्ने उनले प्रतिवद्धता जनाए। साथै रोटरीको सहयोग बमोजिम स्थानीयले पनि उत्तिकै सक्रियता देखाएर अभियान सफल बनाउन लागि परेको उनले बताए।

पर्यटकीय सम्भावना बोकेको, मगरहरूको कला संस्कृतिमा पनि धनी ठाउँ भएकाले चुदेरलाई नमुना बस्तीको रूपमा बिकास गर्न आफु पनि लागि परेको वडाध्यक्ष बिष्णुकुमार (हिमाल) श्रेष्ठले बताए । उनले भने, 'सहरी कोलाहलबाट अलिक टाढा शान्त ठाउँमा भएकाले यो गाउँको छुटटै महिमा छ, यसको मौलिकतामा आँच नआउने गरी यहाँको सभ्यतालाई जीवन्त राखी हामी बिकास गर्ने अभियानमा छौ ।'

चुदेर गाउँलाई रोटरी क्लबले कोर कम्युनिटी भिलेजको रूपमा बिकास गर्ने योजना अगाडि सारेको पर्यटनविद् तथा रोटरी क्लब अफ दमौलीका अध्यक्ष हरिसिं गुरूङले बताए ।

रोटरीले उक्त अभियान अन्तर्गत त्यस ठाउँको कृषि, शिक्षा, स्वास्थ्य, संस्कृति र पर्यटनलाई जोडेर चुदेर एकीकृत बिकास कार्यक्रम सुरू गर्ने योजना अगाडि ल्याएको छ । अध्यक्ष गुरूङले भने, '५० वर्ष अघिसम्म १५० भन्दा बढी घरधुरी रहेको चुदेर क्षेत्रमा खानेपानी अभावकै कारण गाउँ उजाडिदै गएको रहेछ । अब कोही विस्थापित नहोस भन्ने उद्देश्यले पुनः जागरण अभियान थालिएको छ र गाउँले परिवर्तनको अनुभूति पनि गर्न थालि सकेका छन् ।'

# कांग्रेस .......

महत्त्वपूर्ण भूमिकाले सरकार तहदेखि संसदीय तह र जनताको तहसम्म द्विपक्षीय सम्बन्ध विस्तार गर्न मद्दत पुगेको विश्वास व्यक्त गरे ।

साथै उनले सामाजिक, आर्थिक र पूर्वाधार क्षेत्रमा नेपाललाई निरन्तर सहयोग गरेकामा जापान सरकारप्रति आभार व्यक्त गर्नुभयो। कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू, कांग्रेसका नेता, सांसद, पूर्वमन्त्री, पूर्वमुख्यमन्त्री लगायत विशिष्ट व्यक्ति उपस्थित थिए ।

## व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमौली तनहुँ । गण्डकी प्रदेश

## एकीकृत घुम्ती सेवा शिविर सञ्चालन सम्बन्धी सूचना

व्यास नगरपालिका कार्यालयद्वारा वडा कार्यालयबाट नै योजना सम्झौता, स्वास्थ्य परीक्षण, कृषि सेवा, पशु परामर्श सेवा, व्यक्तिगत घटना दर्ता गरी ५ प्रकारका सेवा प्रदान गर्ने गरी एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गर्न लागेको हुँदा निम्न मिति, समय र स्थानमा उक्त शिविर सञ्चालन गरिने भएकोले सम्बन्धित नगरबासीहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**एकीकृत घुम्ती सेवा शिविर सञ्चालन तालिका**

| सि.नं. | वडा नं. | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | १ | २०७९।९।११ | दिनको १०.०० देखि १.०० बजेसम्म | वडा कार्यालय |
| | २ | | दिनको १.३० बजेदेखि ४.३० बजेसम्म | वडा कार्यालय |
| २. | ३ | २०७९।९।१२ | दिनको १०.०० देखि १.०० बजेसम्म | वडा कार्यालय |
| | ४ | | दिनको १.३० बजेदेखि ४.३० बजेसम्म | वडा कार्यालय |
| ३. | ५ | २०७९।९।१४ | दिनको १०.०० देखि १.०० बजेसम्म | वडा कार्यालय |
| | ६ | | दिनको १.४५ बजेदेखि ४.३० बजेसम्म | वडा कार्यालय |
| ४. | ७ | २०७९।९।१७ | दिनको १०.०० देखि १.०० बजेसम्म | वडा कार्यालय |
| | ८ | | दिनको १.४५ बजेदेखि ४.३० बजेसम्म | वडा कार्यालय |
| ५. | ९ | २०७९।९।१८ | दिनको १.४५ बजेदेखि ४.३० बजेसम्म | वडा कार्यालय |
| | १० | | दिनको १०.०० देखि १.०० बजेसम्म | वडा कार्यालय |
| ६. | ११ | २०७९।९।१९ | दिनको १०.०० देखि १.०० बजेसम्म | वडा कार्यालय |
| | १२ | | दिनको १.४५ बजेदेखि ४.३० बजेसम्म | वडा कार्यालय |
| ७. | १३ | २०७९।९।२० | दिनको १०.०० देखि १.०० बजेसम्म | वडा कार्यालय |
| | १४ | | दिनको १.४५ बजेदेखि ४.३० बजेसम्म | वडा कार्यालय |

## स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

### पुस १ गते शुक्रबार

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ । मुटुका धेरै रोगहरु हुन्छन् र प्रत्येक रोगका आफ्नै प्रकारका लक्षणहरु पनि हुन्छन् । मुटुरोगका अनगिन्ति लक्षणहरुमध्ये सबैले थाहा पाइराख्नुपर्ने जम्मा १२ वटा प्रमुख लक्षणहरु छन् । समयमै यी लक्षणहरू थाह पाई उपचार गर्न सकेको खण्डमा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ ।

१) छातीको बिच भागमा दुख्ने, २) दम बढने, ३) खुट्टाहरू सुनिने, ४) घाटीको रक्त नली फुल्ने, ५)ओठ, जिब्रो, औंलाका टुप्पा निलो हुने, ६) औंलाका टुप्पाहरू बाक्ला र चाक्ला हुने, ७) टाउको दुख्ने चक्कर लाग्ने ८) मुटुको धड्कन रोकिने वा छिट्टो चल्ने, ९) कफमा रगत देखा पर्ने, १०) जोर्नीहरू दुख्ने, सुनिन्ने र ज्वारो आउने, ११) हात, खुट्टा, ओठ आदीमा झडका दिदै अनियन्त्रित रूपमा चल्ने, १२) छातीमा हात राख्दा बिरालो कनेको जस्तो थर्केको महसुस हुने ।

### पुस २ गते शनिबार

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इनडोक्राइनोलोजिष्ठ **डा. तिर्थलाल उपाध्याय** आउदै हुनु हुन्छ । रोगसँग सन्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस् ।
२) पोखरा मणिपाल तथा मेडीप्लस हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुवेदी** आउदै हुनुहुन्छ रोगसंग संबन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस ।

**रोगका लक्षणहरू :**

- तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने साथै थाइरोइडको भएर गर्भवती भएका महिलाले पनि जाच गराउनु पर्ने भएकोले सम्पर्क राख्नुहोस् । साथै पाठेघरको पानीको जाच (Pap Smear) पनि गरिन्छ ।

३) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. रोशन पंगेनी**द्वारा भिडियो एक्सरे सेवा ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**कृषकलाई अनुदानमा हाते ट्याक्टर :** तनहुँको भिमाद नगरपालिकाको वडा नं. ९ का कृषकलाई हाते ट्याक्टर हस्तान्तरण गर्दै नगर उपप्रमुख शारदा खनाल । नगरपालिकाको समन्वयमा कृषिसंग सम्बन्धित संस्था हेफर र अतिप्रिय सहकारीको सहयोगमा कृषकलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर प्रदान गरिएको हो ।
*तस्विर : भञ्ज्याङ*

facebook twitter



**गोविन्दकुमार थापा**
twitter.com/GThapa25
परिस्थितिको कमारो मान्छेको आउने जाने क्रम चलिरहन्छ तर स्मरण सफा, अटल र अविचलित हुनुपर्छ, सान्निध्य, प्रेम र सदभाव अझ कसिलो हुनुपर्छ । असंख्य घटना-परिघटनाको अभिलेख गर्ने हाम्रो मगजले कसो तपाई र मेरो सम्बन्धलाई सदावहार नगर्ला यदि हामी भावनात्मक ढंगले बाधिएका हौ भने।



**सविन के.सी**
twitter.com/kcsabin2014
यो संसार आफ्नै जरूरतको नियममा चलिरहेछ ! हेरौ न, जाडोमा हामी जुन घामको प्रतीक्षामा हुन्छौं, गर्मीमा त्यही घामको तिरस्कार गरिरहेको हुन्छौं । मानविय सिद्धान्त पनि त्यही नै हो, हाम्रो मुल्य तव हुन्छ, जव हाम्रो जरूरत पर्छ । अन्यथा तिरस्कारको पात्र बनाउन पछि पर्दैन हाम्रो समाज !



**एकल यात्री**
twitter.com/Trvms11
आफूले गरेका कामप्रति बिश्बास र भरोषा राख्न नसक्नेले कहिल्यै पनि सफल हुन सक्दैन जिबनमा, जे जति छ आफूसँग खुशि हुनुपर्छ, कस्ले प्राप्त गर्न सकेको छ र सोचेका र देखेका कुरा सबै, त्यसैले दुःखि हुनु हुदैन, कर्म गर्न र जिम्मेबारीबाट पन्छिनु र भाग्नु हुदैन !

# रोटरीद्वारा श्याम्घाको स्वास्थ्य चौकीलाई सोलार सुटकेश सहयोग

**भञ्ज्याङ समाचारदाता**/दमौली

रोटरी क्लबले तनहुँको व्यास नगरपालिका-६ रातमाटा स्थित श्याम्घा स्वास्थ्य चौकीलाई सोलार सुटकेश सहयोग गरेको छ । रोटरी क्लब अफ हवाई, रोटरी क्लब अफ दमौली र राष्ट्रिय आविष्कार केन्द्रको सहयोगमा विभिन्न स्वास्थ्य उपकरण सहितको सोलार सुटकेश स्वास्थ्य चौकीलाई हस्तान्तरण गरिएको हो ।

घामबाट चार्ज हुने भएकाले उक्त सुटकेशलाई बिजुली नभएको बेला पनि प्रयोग गर्न सकिन्छ । आपतकालिन अवस्थामा एक ठाउँबाट अर्को ठाउँमा सजिलै बोकेर लैजान मिल्ने, सोलारबाट चार्ज हुने भएकाले ग्रामीण क्षेत्रको सेवा प्रवाहमा सहयोग पुग्ने रोटरी क्लब अफ सनसेट हुनुलुलु हवाईका निवर्तमान अध्यक्ष अर्जुन अर्यालले बताए ।

उनका अनुसार बिजुलीको अभावमा पनि स्वास्थ्य सेवा प्रवाह अवरूद्ध हुन नहोस् भन्ने उद्देश्यले हामीले घामबाट चार्ज हुने सोलार सुटकेश सहयोग गरिएका हो । उक्त सामग्री खरिदमा अमेरिकी स्थित रोटरी क्लब अफ हेनालिबी हवाइका रोटरियन जनाथन एम.सि रोबर्टले तीन हजार अमेरिकी डलर सहयोग गरेका हुन् ।

उक्त सुटकेशमा थर्ममिटर,




अक्सिमिटर, रक्तचाप मापक, सुगर परिक्षण उपकरण, पोर्टेबल अल्ट्रा साउन्ड लगायतका स्वास्थ्य उपकरण र २ वटा बत्ती पनि रहेको रोटरी क्लब अफ दमौलीका पूर्व अध्यक्ष दामोदर भण्डारीले जानकारी दिए ।

सहयोग हस्तान्तरण गर्दै अष्टज अमेरिकाका अध्यक्ष डा. दुर्गादत्त पौडेलले रोटरी क्लबले विशेष गरी स्वास्थ्य र शिक्षा क्षेत्र सुधारका लागि काम गर्दै आएको र यसलाई निरन्तरता दिन चाहेको बताए । अमेरिका स्थित विभिन्न दाताहरूको साथ र सहयोगले आफ्नो ठाउँको बिकासमा योगदान गर्न सकेको बताउदै पौडेलले प्राप्त उपकरणको सदुपयोग गर्न अनुरोध गरे ।

ग्रामीण भेगका जनताहरूले स्वास्थ्य, शिक्षा लगायतका आधारभूत आवश्यकता परिपूर्तिका लागि अन्यत्र जानु पर्ने बाध्यता अन्त्य होस् भन्ने उद्देश्यले ग्रामीण क्षेत्रमा विशेष सहयोग गरेको उनको भनाइ थियो । साथै बालिकाहरूको शिक्षा र स्वास्थ्यमा धेरै समस्या देखिएकाले आगामी दिनमा त्यसलाई मध्यनजर गरी काम गर्न चाहेको उनले बताए ।

सोही अवसरमा रोटरी डिष्ट्रिक्ट ५०००की पूर्व डिष्टिक गभर्नर नाओमी मासुनोले स्वास्थ्य उपकरणको प्रभावकारी ढंगले प्रयोग भए अन्य स्वास्थ्य चौकीमा पनि सहयोग गर्ने बताइन् ।

स्वास्थ्य चौकीमा सेवा लिन आउने सो क्षेत्रका नागरिकहरूलाई प्राप्त उपकरणले ठुलो सहयोग पुग्ने स्वास्थ्य चौकीका इन्चार्ज रामबहादुर गुरूङले बताए । दैनिक २० देखी २५ जनाले सेवा पाउने उक्त स्वास्थ्य चौकीको सेवा विस्तारमा उपकरण प्रभावकारी हुने उनले विश्वास व्यक्त गरे । व्यास-६ का वडा सदस्य बालकुमारी श्रेष्ठ, इन्दु माविका प्रधानाध्यापक सन्तोष न्यौपाने लगायतले नयाँ प्रविधिले स्वास्थ्य चौकीको सेवा प्रवाहमा सहयोग पुग्ने बताए ।

# रोजगारी सृजना गर्न विदेशबाट फर्किएकाको तथ्याङ्क संकलन गर्दै बन्दिपुर गाउँपालिका

**भञ्ज्याङ समाचारदाता**/बन्दिपुर

तनहुँको बन्दिपुर गाउँपालिकाले वैदेशिक रोजगारीबाट फर्किएकाको तथ्याङ्क संकलन गर्न थालेको छ । वैदेशिक रोजगारी रहँदा आर्जन गरेको सीप र अनुभवको प्रयोग गरी देश भित्रै रोजगारीका अवसरहरु सृजना गर्नका लागि विदेशबाट फर्किएका व्यक्तिहरूको तथ्याङ्क संकलन गरिएको गाउँपालिकाले जनाएको छ ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई नजिकको वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा गएर आफ्नो विवरण टिपाउन पनि पालिकाले अनुरोध गरेको छ ।

यसका साथै वैदेशिक




रोजगारीबाट फर्किएका व्यक्तिहरूले फोनबाट समेत आफ्नो अनुभव टिपाउन सक्नेछन् । आफ्नो विवरण टिपाउन गाउँपालिकामा ०६५५२०१२३ वा ९८५६०६७८२५ नम्बर सम्पर्क गर्न सकिन्छ ।

# नारायणगढ-मुग्लिन सडकखण्डका पुल बनाउन अझै एक वर्ष लाग्ने

**रासस**/चितवन

नारायणगढ-मुग्लिन सडक खण्डका १५ पुल निर्माण गर्न अझै एक वर्ष लाग्ने देखिएको छ । पाँच पुल सञ्चालनमा आएका छन् । आगामी असारसम्ममा १० पुल निर्माण सक्ने गरी काम अघि बढाइएको नागढुङ्गा मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन) का आयोजना प्रमुख किरण कार्कीले जानकारी दिनुभयो । विसं २०७६ चैत १० गते ३३ महिनामा पुल सम्पन्न गर्ने गरी सम्झौता गरिएको थियो । यही पुस ९ गते सम्झौताको अवधि सकिँदै छ । उहाँले भन्नुभयो, "कोभिड-१९ का कारण समयमा काम सकिएन, अझै एक वर्ष लाग्ने देखिन्छ ।" घरटहरा हटाउन र भित्तो काट्नुपर्ने ठाउँमा काम जटिल भएकाले समय धेरै लाग्ने देखिएको हो । समय थपका लागि फाइल विभागमा पठाइएको कार्की बताउनुहुन्छ।

विश्व बैंकको ऋण सहयोगमा पुल निर्माण गर्न लागिएको हो । चार पुल बनाउने ठाउँमा सडकको भित्तो काट्नुपर्ने भएकाले आगामी पुस ५ गतेदेखि दिउँसोमा सडक बन्द गरी काम गर्न लागिएको छ । सिमलताल, कालीखोला, तुइन खोला र चिसेन्जी खोला पुल निर्माण गर्दा सडकको भित्तो काट्नुपर्ने भएको छ। भौगोलिकरूपमा असहज ठाउँमा रहेका कारण सवारी आवागमन रोक्नु परेको हो । कार्कीका अनुसार विश्व बैंकको ऋण सहयोग भएकाले सडक छेउमा बसोबास गर्नेको व्यवस्थापन अर्को चुनौती छ । त्यहाँबाट हटाउँदै गर्दा घरटहरामा बसोबास गर्नेलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ । उहाँका अनुसार पुल बनाएर सञ्चालन गर्ने क्रममा २६ घरटहरा भत्काउनुपर्ने हुन्छ । जसका लागि रू एक करोड बजेट माग गरिएकोमा त्यो बजेट आइनपुगेकाले घरटहरा भत्काउने काम रोकिएको छ । असारसम्ममा १३ पुल सम्पन्न गर्ने गरी काम भइरहेको उहाँ बताउनुहुन्छ । तीमध्ये सेतीदोभान, डुम्रे, तोपे, लामो बालुवा र खहरे २ को पुल तीन महिनाभित्रमा सम्पन्न हुने कार्कीको भनाइ छ ।

तुइन र जुगेडी पुललाई थप केही समय लाग्ने उहाँले जानकारी दिनुभयो । सो सडक विस्तारको कामसँगै साँघुरा पुल भएका ठाउँमा नयाँ पुल निर्माण गर्न लागिएको हो । हाल सो सडक नौदेखि ११ मिटर फराकिलो छ । ती पुललाई दुई भागमा विभाजन गरेर ठेक्का लगाइएको छ । प्याकेज-१ मा मुग्लिनबाट यताका खहरे, चिम्पान्जी, तुइन, काली, टोपे, न्याम्सी र रिद्धीखोला गरी सात पुल छन् । प्याकेज-२ मा जुगेडी, खहरे, खोर, लामोबालुवा, भोर्ले, डुम्रे, सिमलताल र सेतीदोभान खोल गरी आठ पुल छन्। प्याकेज-१ को कूल ठेक्का रकम रू ६७ करोड ९९ लाख छ । पुल र नक्साङ्कनका लागि मात्र रू ५८ करोड ४० लाख छ भने अन्य रकम पोल सार्ने, बाटो फराकिलो बनाउने, नदी नियन्त्रणलगायतमा खर्च हुने आयोजनाले जनाएको छ । दोस्रो प्याकेजको कूल ठेक्का रकम रू ५९ करोड पाँच लाखमध्ये नक्साङ्कन र पुलका लागि रू ४९ करोड ६० लाख हो भने बाँकी रकम अन्य काम गर्ने गरी ठेक्का लगाइएको हो । दुबै ठेक्काको काम अनक कन्स्ट्रक्सनले गरिरहेको छ । पुलको गाडी हिँड्ने ठाउँ सात दशमलव पाँच मिटर फराकिलो हुनेछ। दुवैपट्टि एक दशमलव पाँच मिटर फराकिला फुटपाथ र २५ सेन्टिमिटर रेलिङका लागि छुट्याइएको छ ।

# तराईमा महागी बढ्यो

**रासस**/काठमाडौं

चालु आर्थिक वर्षको पहिलो चार महिनामा तराईमा महँगी बढेको छ । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आवको चार महिनाको विवरणअनुसार तराईमा आठ दशमलव ५२ प्रतिशत बराबरको मूल्य वृद्धि भएको छ । केन्द्रीय बैंकका अनुसार उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा सात दशमलव ५६ प्रतिशत, तराईमा आठ दशमलव ५२ प्रतिशत, पहाडमा आठ दशमलव शून्य तीन प्रतिशत र हिमालमा छ दशमलव ६८ प्रतिशत मुद्रास्फीति रहेको छ ।

विसं २०७८ कात्तिक महिनामा यी क्षेत्रमा क्रमशः छ दशमलव १४ प्रतिशत, पाँच दशमलव ४२ प्रतिशत, सात दशमलव १४ प्रतिशत र पाँच प्रतिशत मुद्रास्फीति रहेको थियो । विसं २०७९ को कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलव शून्य आठ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति छ दशमलव शून्य चार प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति सात दशमलव ३८ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति आठ दशमलव ६३ प्रतिशत रहेको छ ।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत रेष्टुरेण्ट तथा होटल उप-समूहको मूल्य सूचकाङ्क १५ दशमलव ९७ प्रतिशत, सूर्तीजन्य पदार्थको ११ दशमलव ८१ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको नौ दशमलव ३३ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव १९ प्रतिशत र मदिराजन्य पेयपदार्थको आठ दशमलव ८४ प्रतिशतले बढेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको मूल्य सूचकाङ्क १७ दशमलव ७१ प्रतिशत, स्वास्थ्यको ११ दशमलव २२ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको आठ दशमलव ७६ प्रतिशत, घरायसी उपयोगका वस्तुको आठ दशमलव ४९ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको आठ दशमलव ३३ प्रतिशतले बढेको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४